# आर्थिक बर्ष २०६९।७० को जिल्लास्तरीय
# बार्षिक प्रगति समीक्षा गोष्ठीको प्रतिवेदन

## १. परिचय

जिल्लाको समग्र विकासको लागि स्थानीय निकायहरु क्रमश: जिविस तथा गाविसहरु, सरकारी कार्यालयहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु र नीजिक्षेत्रको महत्वपूर्ण योगदान रही आएको छ । जिल्लामा कार्यरत विषयगत कार्यालयहरु तथा अ/गैरसरकारी संस्थाहरुले गत आर्थिक वर्षमा के कस्ता कार्यक्रमहरु सम्पन्न गरे, आर्थिक र भौतिक प्रगती के कस्तो रह्यो भन्नेबारेमा जानकारी गराउने ? कार्यक्रम सञ्चालन गर्दा के कस्ता समस्याहरु आइपरे, के कस्ता सिकाईहरु रहे ? आगामी दिनमा कसरी सुधार ल्याउन सकिन्छ ? आदिजस्ता सवालहरुमा अन्तरक्रिया गर्ने र सुझावहरु संकलन गर्ने उद्देश्यले बार्षिकरुपमा जिल्लास्तरीय बार्षिक समीक्षा गोष्ठीको आयोजना गरिंदै आइएको छ । यसै सिलसिलामा आर्थिक बर्ष २०६९/०७० मा जिल्लास्थित सरकारी कार्यालय तथा गैरसरकारी संघसंस्थाहरुले जिल्लामा सञ्चालन गरेका कार्यक्रमहरुबारे समीक्षा गर्न जिल्ला विकास समिति लमजुङले सम्पूर्ण सरोकारवालाहरुको विचमा मिति २०७० भदौ ३ र ४ गते सो सम्बन्धी जानकारी गर्ने उद्देश्यले यो समीक्षा प्रतिवेदन तयार गरिएको छ ।

## २. समीक्षा गोष्ठीको उद्देश्य

जिल्लामा विकास कार्यक्रम गर्ने जिल्ला विकास समिति, विषयगत कार्यालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र अन्य संघसंस्थाहरुबाट आर्थिक बर्ष २०६९/०७० मा भएका कामहरुको समीक्षा गर्नु यसको मुख्य उद्देश्य रहेको थियो । यस गोष्ठीका विस्तृत उद्देश्यहरु निम्न वमोजिम रहेका थिए ।

- सरकारी कार्यालय तथा गैरसरकारी संस्थाहरुले आ.व.२०६९/०७० मा सञ्चालन गरेका कार्यक्रमहरुको प्रगती विवरण प्रस्तुतिकरण गरी सरोकारवालाहरुलाई जानकारी गराउने ।
- कार्यक्रम सञ्चालनको दौरानमा देखिएका सवल पक्ष, समस्या आदिको बारेमा अन्तर्क्रिया गर्ने ।
- कार्यक्रम सञ्चालनबाट प्राप्त उपलब्धीहरुको बारेमा लेखाजोखा गर्ने ।
- आगामी दिनमा अझ बढी प्रभावकारी तवरले कार्यक्रम सञ्चालन गर्न सुझावहरु संकलन गर्ने ।
- भएका कमीकमजोरीहरु पहिल्याई चालु आर्थिक बर्षमा सुधारहरु गर्न मार्ग निर्देश गर्ने ।

## ३. समीक्षा गोष्ठीको मिति,स्थान र समय :

यस समीक्षा गोष्ठीको अवधी दुई दिनको रहेको थियो । समीक्षा गोष्ठी २०७० भदौ ३ र ४ गते जिल्ला विकास समितिको सभाहलमा विहान ११.०० बजेबाट साँझ ५.०० बजेसम्म संचालन गरिएको थियो ।

## ४. सहभागिता

उक्त समीक्षा गोष्ठीमा १४ वटा सरकारी कार्यालय तथा १८ वटा गैससहरु गरी जम्मा ३२ वटा सरकारी तथा गैर सरकारी संघसउंस्थाहरुले प्रस्तुतीकरण गरेका थिए । यस गोष्ठीमा जम्मा १०६ जना सरोकारावालाहरुको उपस्थिति रहेको थियो जसमध्ये १६ जना महिलाहरु थिए । (अनुसूची २) गोष्ठीमा निम्नानुसारका महानुभावहरुको उपस्थिति रहेको थियो ।

- स्थानीय विकास अधिकारी एवं जिविस प्रमुख श्री विष्णुदत्त गौतम (अध्यक्ष)
- प्रमुख जिल्ला अधिकारी श्री बाबुराम भण्डारी (प्रमुख अतिथि)
- जिल्लास्थित पाँच राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु
- महिला, दलित, जनजाति लगायतका लक्षित वर्गका प्रतिनिधिहरु
- जिल्ला विकास समिति, विषयगत कार्यालय र अन्य संघसंस्थाका प्रमुख एवं प्रतिनिधिहरु
- पत्रिका तथा रेडीयोसंग सम्बद्ध सञ्चारकर्मीहरु

## ५. विधि

गोष्ठीमा प्रस्तुतीकरण गर्ने कार्यालय तथा संघसंस्थाहरुमध्ये ३८ वटा कार्यालय तथा संघसंस्थाहरुले श्रव्यदृश्य विधि प्रयोग गरी प्रोजेक्टरबाट प्रस्तुतीकरण गरेका थिए भने बाँकी ३ वटा कार्यालय तथा संघसंस्थाहरुले ह्याण्डआउटबाट नै मौखिक रुपमा जानकारी गराएका थिए ।

## ६. सामाग्री

सहभागीहरुमध्ये राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, लक्षित वर्गका प्रतिनिधिहरु, जिल्ला विकास समिति र केही निश्चित ब्यक्तिहरुलाई प्रगती समीक्षा प्रस्तुत गर्ने कार्यालय तथा संघसंस्थाहरुले ह्याण्डआउट उपलब्ध गराएका थिए । प्रायः सवै कार्यालय तथा संघसंस्थाले सहभागीहरुलाई ह्याण्डआउट वितरण गरेका थिए ।

## ७. गोष्ठी ब्यवस्थापन

- गोष्ठीको अध्यक्षता स्थानीय विकास अधिकारी श्री बिष्णुदत्त गौतमले गर्नुभएको थियो ।
- प्रमुख अतिथिको रुपमा प्रमुख जिल्ला अधिकारी श्री बाबुराम भण्डारी रहनु भएको थियो ।
- गोष्ठीको सहजीकरण जिल्ला विकास समिति लमजुङका योजना अधिकृत श्री अञ्जन न्यौपानेले गर्नु भएको थियो । उक्त गोष्ठीमा आवश्यकता अनुसार जिविसका अन्य कर्मचारीहरुले सहयोग पुऱ्याएका थिए ।
- गोष्ठीको दिन प्रारम्भमा सम्पूर्ण उपस्थित सहभागीहरुलाई आसन ग्रहण गराइएको थियो ।
- जिविसका योजना अनुगमन तथा प्रशासकिय अधिकृत श्री अञ्जन न्यौपानेले सहभागीहरुलाई स्वागत गर्दै गोष्ठीको आधारभूत नियमहरुबारे स्मरण गराउनु भएको थियो । त्यसपछि प्रस्तुतीकरण शुरु भएको थियो ।
- प्रस्तुतीकरणको शुरुवात जिल्ला विकास समितिको कार्यालयबाट भएको थियो । त्यसपछि विषयगत सरकारी कार्यालयहरु र गैससहरुको प्रस्तुती रहेको थियो ।
- एउटा कार्यालयको प्रस्तुतीकरणलाई १० मिनेट त्यससम्वन्धी जिज्ञासा र सुझावको लागि छलफल गर्न १० मिनेटको समय निर्धारण गरिएको थियो ।

# कार्यालयहरुको प्रगति विवरण प्रस्तुतीकरण कार्यक्रम

**१.जिल्ला घरेलु विकास समितिको कार्यालय लमजुङ :**

प्रस्तुतकर्ता : कार्यालय प्रमुख श्री देवेन्द्र कुमार श्रेष्ठ

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु तथा**

१. अहिलेसम्म लमजुङका कति जनाले तालिम लिए ? घरेलु विकास समितिको कार्यालयमा अभिलेख छ कि छैन ?
२. तालिम प्राप्त व्यक्तिहरुले के गरिरहेका छन ? रोजगारीको स्थिति के छ ? केही छ ?
३. उद्योग व्यवसाय नविकरण
४. उद्योग वाणिज्य प्रवर्द्धन अन्तर्गत भुलभुलेमा दिएको भनेको के हो ?
५. लमजुङ उवासंघ र जिल्ला घरेलु विकास समिति विच समन्वय कमि देखियो । समन्वय बढाउनु पर्‍यो ।

**२.जिल्ला जनस्वास्थ्य कार्यालय, लमजुङ**

प्रस्तुतकर्ता : कार्यालय प्रमुख श्री राजेन्द्र प्रसाद घिमिरे

**उदाहरणीय काम, समस्या, चुनौती, जिज्ञासा, टिप्पणी तथा सुझावहरु :**

१. दलित सेवा संघ, सुआहारा कार्यक्रम, अपांग संरक्षण समाज, ग्रामीण सामुदायिक विकास केन्द्र र मेरी स्टोप्स गरी ५ वटा गैससहरुसंग समन्वय भएको ।
२. स्वास्थ्य कर्मीहरुको दरबन्दी खाली भएको हुँदा गाउँगाउँहरुमा सेवालाई प्रभावकारी बनाउन दिन समस्या परेको छ ।
३. गाविस लगायत अन्य संघसंस्थाहरुबाट स्वास्थ्यमा लगानी भएको ।
४. कतिपय स्वास्थ्य भवनहरु जीर्ण रहेको हुँदा सेवा दिन समस्या ।
५. वर्ल्ड भिजनले लामो समय कार्य गरेको कार्यक्षेत्रमा के कति सकारात्मक परिणाम के देखियो ?
६. स्ट्रेचरहरु कति छन् ? कति आवश्यक छ ? जनस्वास्थ्यले तथ्यांक निकालोस् ।
७. स्वास्थ्य भवनहरु के कति जीर्ण छन् ? कति मर्मत गर्दा हुने खाले छन् ? तथ्यांकमा राखिदिनु पर्‍यो ।

**३. जिल्ला कृषि विकास कार्यालय, लमजुङ**

प्रस्तुतकर्ता : कृषि प्रसार अधिकृत सन्तोष चौधरी (निमित्त प्रमुख अर्जुन न्यौपानेको अनुमति अनुसार)

**उदाहरणीय काम, समस्या, चुनौती, जिज्ञासा, टिप्पणी तथा सुझावहरु :**

१. जिविस र गाविसको साझेदारीमा आँप, लिची, लप्सीको विरुवा वितरण भएको ।
२. १० वटा अलैंचीको नर्सरी स्थापना भई अलैंचीको विरुवा बाहिर पठाइएको ।
३. दलहन र तेलहनमा हामी माइनसमा छौं ।
४. अलैंची २१० हेकटरमा छ , ५२ हेक्टरले उत्पादन क्षेत्र छ । धान, मकै र तोरीमा बीज बृद्धि सफल भएको छ ।
५. लमजुङ जिल्लामा २०६५ हेक्टरमा तरकारी खेती भएको छ । ११ मे.टन मह उत्पादन भएको छ ।

६. अलैंची खेतीको क्षेत्र विस्तार, च्याउ उत्पादन बृद्धि, वेमौसमी तरकारी खेती गर्ने किसानहरुमा बृद्धि ।
७. कृषिमा प्रकोप धेरै हुने भएकोले रिजर्भ फण्डको व्यवस्था गर्नु पर्ने ।
८. कोपाडेस, चेस नेपाल र सेर्सोक तीनवटा गैससहरुले सहकार्य गरेका । (प्रस्तुतीकरण गरिएको)
९. कार्यालयले प्रस्तुती गर्दा आफ्नो कार्यालयको उपलब्धीको साथसाथै गैससहरुको उपलब्धी पनि गणना गरी प्रस्तुत गर्नुपर्ला ।
१०. जिविस र गाविसको रकम विषयगत कार्यालयसंग नभै गैससंग भएको भन्ने प्रस्तुती बारे स्पष्ट पारिदिनु पर्‍यो ।
११. कुन गाविसमा के को सम्भावना छ ? जिल्ला कृषि विकास कार्यालयले बताइदिनु पर्‍यो ।
१२. चिया खेतीको सम्भावना जिल्लामा कहाँ कहाँ छ ? संस्थाहरु लगानी गर्न इच्छुक छन् । नमुनाको रुपमा लैजाऔं । चिया खेती हेर्ने सरकारी कार्यालय कुन हो ?
१३. उत्पादनलाई पकेट क्षेत्रको रुपमा व्यवसायीकरण गर्दै लैजानु पर्‍यो ।
१४. चिया र कफि लमजुङ जिल्लामा हुँदो रहेछ । बजार मिलाउनु पर्‍यो ।

**४.जिल्ला पशुसेवा कार्यालय लमजुङ**

प्रस्तुतकर्ता : पशु चिकित्सक श्री डा. पुरुषोत्तम त्रिपाठी

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु :**

१. चेस नेपाल र शिलषा कार्यक्रमले प्रस्तुती जिल्ला पशुसेवा कार्यालयमा पेश गरेको ।
२. किसानहरुलाई सर्वसुलभ ब्याजमा ऋणको व्यवस्था हुनु पर्ने ।
३. विद्युत महशुलमा किसानलाई छुट पाउने कुरा कार्यान्यनमा आएको छ कि छैन ।
४. बर्लफ्लु फैलिएको चितवनबाट कुखुरा लमजुङ भित्रिए भनेर सञ्चारमाध्यमबाट प्रसारण भयो ? सत्य कुरा के हो ? (जवाफ लमजुङमा बर्ड फ्लु छैन ।)

**५. सडक डिभिजन कार्यालय, दमौली**

प्रस्तुतकर्ता : आशिष थापामगर इन्जिनियर,

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु :**

१. स्थानहरुको ठाउँ लेख्दा शुद्ध रुपमा आउनु पर्‍यो । लमजुङका सरोकारवालाहरुले नै नबुझ्ने गरी नाम आयो ।
२. सडक नेटवर्क अर्को जिल्लाबाट शुरु हुने तर लमजुङमा कहिल्यै काम नहुने भयो ।
३. रणनीतिक योजनाहरुको मर्मत सम्भार गर्दा लमजुङ खण्डमा मर्मत सम्भार किन हुन नसकेको ?
४. व्यासमार्गको रम्घा भोर्लेटार खण्डको प्रगति तथा आदिकवि भानुमक्त मार्गको आकाशेदेखि भोटेओडार फूलबारी खण्डको सडकको प्रगति के छ ?
५. डुम्रे बेसीशहर खण्डको लमजुङ क्षेत्रमा कज वे तथा अन्य सडक खण्डको अवस्था नाजुक छ । त्यहाँ कार्यरत ठेकेदारलाई कार्य नसकी भुक्तानी भयो कि के भयो ? प्रगति के भयो ? आउनु पर्‍यो ।
६. सडकको कुन क्षेत्रमा के गर्ने हो ? सार्वजनिक रुपमा जानकारी गराएर कार्य गर्नु पर्‍यो । कहाँ निर ग्राभेल हो ? कहाँ निर कज वे हो ? कहाँ निर वाल उठाउने हो ?जनतालाई जानकारी गराउनु पर्‍यो । फिल्ड अर्कै तिर छ प्रस्तुती अर्कै तिर छ ।

७. तुरतुरे साइंलीटार क्षेत्रको सडकको चौडाई कति हो ? एकरुपता भएको छैन । के कमलो भएको ठाउँमा जति पनि खोल्ने कडा स्थानमा छोडिदिने हो ?
८. हामीले हरेक वर्षमा हेरिरहेका छौं । सडक विभागले गरेको काम लमजुङमा जहिले पनि ढिलो भएको छ । के कारणले हो ?
९. समीक्षा तथा योजना तर्जुमा बैठकहरु आदिमा सडक डिभिजन कार्यालयले नियमित सहभागिता जनाउनु पर्‍यो ।
१०. सडकको नियमित मर्मत गर्दा चेनेज वाइज गर्नु पर्‍यो । त्यसो गर्दा लमजुङ खण्ड पनि मर्मत हुन्थ्यो कि ?
११. आकाशेभीर फूलबारी सडक खण्ड मर्मतको कामको जिम्मेवारी लिने ठेकेदारको समय सिमा कति हो ?

**६.जिल्ला वन कार्यालय लमजुङ**

प्रस्तुतकर्ता : रेञ्जर श्री काशीराज पण्डीत

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु :**

१. कोपाडेस नामक गैससको कार्यक्रम समावेश भइ प्रस्तुतीकरण भएको ।
२. अन्य कुने जिज्ञासा तथा सुझाव प्राप्त नभएको ।

**७. ग्रामीण तालिम केन्द्र सिम्पानी**

प्रस्तुतकर्ता : कार्यालय प्रमुख बद्रिनाथ सापकोटा

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. कुनै पनि जिज्ञासा प्राप्त नभएको ।

**८. पश्चिमाञ्चल सिंचाई डिभिजन नं १ लमजुङ**

प्रस्तुतकर्ता : डिभिजन प्रमुख श्री सन्तोष कैनी

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. सिंचाई प्रणालीहरु दिगो रुपमा सञ्चालनमा आउन सकेनन् , के गर्नु पर्ने हो ? ठूला आयोजनाहरुको मर्मत सम्भार कसरी गर्ने हो ?
२. मझौला प्रकारका सिंचाई योजनाहरुमा ध्यान जान सके बढी प्रतिफल निस्कथ्यो कि ? २५ हेक्टर भन्दा साना योजनाहरु पनि सिंचाई कार्यालयले लिइदिनु पर्‍यो ।
३. रामचोकबेसी सिंचाई योजना र राइनासटार सिंचाई योजनाको लागि के कति रकम विनियोजन भएको छ ?

**९. जिल्ला शिक्षा कार्यालय लमजुङ**

प्रस्तुतकर्ता : जिल्ला शिक्षा अधिकारी श्री धनसिंह धामी

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु :**

१. चेस नेपाल, रुम टु रिड, ग्रामीण सामुदायिक विकास केन्द्र, स्क्यान नेपाल, गोर्खा वेयलफेयर, नौलो घुम्ती नेपाल, संस्थाहरुले शिक्षा क्षेत्रमा कार्यक्रम सञ्चालन गरिरहेका छन् ।
२. साक्षरता प्रतिशत बढेको तथ्यांक कसरी निकालिरहेका छौं ।

३. दरबन्दी मिलान पछि देखिएका समस्यहरु समाधान कसरी गर्ने सोच छ ? आमा समुहहरुले रकम उठाएर शिक्षकहरु पालेका छन् ।
४. जिल्ला शिक्षा समिति पूर्ण कहिले हुन्छ ? पूर्ण नभइञ्जेल त्यसले गरेको कार्य माथि प्रश्न आउँदैन र ?
५. अनौपचारिक शिक्षाहरु प्रभावकारी छैनन् । हामीहरुलाई तथ्यांक लुकाउने र गलत प्रस्तुती गर्ने बानी पर्न थाल्यो जसले गर्दा माथिल्लोस्तरसम्म ढाँटियो ।
६. स्थानय तहमा त आफन्त नाता आदि भए तर शिक्षा कार्यालयको निकायका प्रतिनिधिहरु आरपि, विनिहरुले त तथ्यांक ढाँट्नु भएन नि ।
७. सरुवा भएका शिक्षकहरु कहिले विद्यालयमा गएर हाजिर भई पढाउन थाल्छन् ?
८. शिक्षकहरुले राजनीति गरेर हिंड्छन् । यसको अन्त कसरी हुन्छ ?
९. सरुवा भएर हाजिर नहुने शिक्षकहरु कति जना छन् ? रेकर्ड छ ?

**<u>१०. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, लमजुङ</u>**

प्रस्तुतकर्ता : कार्यालय प्रमुख श्री शम्भु प्रसाद चापागाई

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु :**

१०. गाउँशहरमा आयुर्वेदको स्वामित्वमा रहेको भवन के प्रयोजनका लागि बनाएको हो ?
११. जेष्ठ नागरिक कार्यक्रम अन्तर्गत के के काम भएका हुन् ? को कति लाभान्वित भए ?

**<u>११.लमजुङ जिल्ला सामुदायिक अस्पताल, लमजुङ</u>**

प्रस्तुतकर्ता : कार्यकारी निर्देशक श्री युवराज आचार्य

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. प्रस्तुत भएको वित्तिय प्रगति विवरणमा लक्ष्य कति थियो ? जानकारी पाउन पाए हुन्थ्यो ।
२. च्यारिटी सहयोगको लागि को संग कहाँ कति अपेक्षा गरिएको थियो ? अन्य निकायसंग पनि अपेक्षा गर्नु पर्ने हो कि ?

**<u>१२.हरीयो वन कार्यक्रम</u>**

प्रस्तुतकर्ता : लिलाजंग गुरुङ, हरीयो वन कार्यक्रम, पोखरा ।

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. बायो ग्याँसमा हरीयो वनबाट प्रति वायोग्याँस कति अनुदान जान्छ ?
२. १५ हेक्टरमा बृक्षारोपण भएको भनिएको छ ? ठूलो स्केलमा भएको कहाँ हो हेर्न पाए हुन्थ्यो ।
३. बृक्षारोपणबाट हालसम्म त्यति प्रतिफल नदेखिएको सन्दर्भमा के कति प्रतिफल प्राप्त भएको छ त ?
४. हरीयो वनको प्रस्तुती जिल्ला वन कार्यालय मार्फत किन प्रस्तुती हुन सकेन :
५. सामुदायिक वनको कार्ययोजना नविकरण गर्ने अन्य विधिहरु हुन सक्तैनन् र ?
६. हाम्रो बजेट सिलिङले कार्ययोजना नविकरण गर्न रोक्न भएन ।

**१३.ग्रामीण शसक्तिकरण समाज, दमौली**

प्रस्तुतकर्ता : बरिष्ठ सामाजिक  परिचाललक श्री माधव न्यौपाने

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. इनर्जी मिटर जडान भएकालाई थप अनुदान आउँछ ? आउने भयो भने त मर्मतको लागि सजिलो हुने भयो ।
२. सम्पन्न भै सकेका प्रोजेक्टहरुले विमा गर्न त मिल्यो नि हैन ?

**१४.अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, एक्याप, भुजुङ**

प्रस्तुतकर्ता : **कार्यालय प्रमुख श्री राजेश प्रसाद गुप्ता**

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. वैकल्पिक पदमार्गहरु सम्बन्धी के कार्यक्रम भै रहेको छ ?
२. ८ वटा गाविसहरुमा एक गाविस एक उत्पादन कार्यक्रमलाई प्रभावकारी बनाउनु पर्‍यो ।
३. निश्चित गाविसमा काम गर्दा त केही नतिजाहरु देखिनु पर्‍यो ।
४. भोजेको पहिरो र पुनर्वास सम्वन्धमा केही कार्यक्रम राख्नु भएको छ ?

**१५ भवन डिभिजन कार्यालय, गोरखा**

प्रस्तुतकर्ता : **इन्जिनियर श्री प्रदीप खनाल**

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. हेल्थ पोष्ट भवन निर्माण गर्नको लागि कम्तिमा कति जग्गा चाहिन्छ ?
२. जति संरचनाहरु जहाँ जहाँ बनिरहेका छन् ,निर्माणस्थलमा मूख्य मूख्य जानकारी सहितको होर्डिङ बोर्ड राख्नु पर्‍यो । स्थानीयबासीहरुले कार्यक्रमबारे केही थाहा भएन भन्ने जनगुनासो रहेको छ ।

**१६. वेसिशहर र सुन्दरबजार भोटेओडार नगर विकास समिति**

प्रस्तुतकर्ता : **इन्जिनियर श्री प्रदीप खनाल**

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. जनताहरुसंग भवनको नक्शापासको स्क्वायर फिटको हिसावले रकम लिनुहुन्छ । सरकारी भवन निर्माणमा रकम लिनुहुन्छ कि हुँदैन ।
२. लक्ष्मी नारायण पुस्तकालय परिसरमा झिंगेखोलाले खतरा बनाएको क्षेत्रमा काम अधुरो छ । व्यवस्थित बनाउनु पर्‍यो ।
३. मध्यमर्स्याङ्दीमा थन्किएको आइरन पाइप ल्याएर झिंगेखोलामा हाल्न पाए पनि हुन्थ्यो ।

**१७. खानेपानी  तथा सरसफाई डिभिजन कार्यालय**

प्रस्तुतकर्ता : डिभिजन प्रमुख श्री केशवलाल शाक्य

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. ता.टक्सारमा बिजुलीको समस्याले नभएर खानेपानीको पम्पिङ सिष्टम चलेन भनिएको छ । के हो ?
२. पम्पिङको लागि बैकल्पिक उर्जा दमौलीसंग केही समन्वय गर्नु पर्छ कि ?

३. खानेपानीका कुल आयोजनाहरु मध्ये ५३ प्रतिशत आयोजनाहरु मात्र पूर्ण रुपमा सञ्चालनमा छन् ।
४. कस्तो खाले चर्पीलाई व्यवस्थित चर्पी भनिएको छ ?
५. गोबरग्याँसको गुणस्तर चेक गर्ने निकाय छ कि छैन ?
६. गुणस्तर खानेपानी आयोजना विस्तारको लक्ष्य कुन कुन ठाउँमा छ ?
७. बस्ती र घरधुरी बढिरहेको स्थानमा खानेपानी अपुग भएको छ । मुहानमा श्रोत खेर गईरहेको पनि छ । यस बारेमा खानेपानी कार्यालयले केही सोच बनाउनु पर्छ ।

**१८. जिल्ला भू संरक्षण कार्यालय, लमजुङ**

प्रस्तुतकर्ता : कार्यालय प्रमुख श्री दिवाकर मास्के

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. कुनै पनि जिज्ञासा प्राप्त भएन ।

**१९. जिल्ला वालकल्याण समिति, लमजुङ**

प्रस्तुतकर्ता : वाल अधिकार अधिकृत श्री नविनचन्द्र घिमिरे

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

**२०. महिला तथा बालबालिका कार्यालय, लमजुङ**

प्रस्तुतकर्ता : महिला विकास अधिकृत श्री दीपा घिमिरे

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. महिला विकास कार्यक्रम ६० गाविसमा छ । छुटेको गाविस कुन हो ? छुट्नाको कारण के हो ?
२. लमजुङमा चेलीबेटी वेच विखनको कुरा आएको छ । किन बढ्दै गएको छ ?
३. अपांग संरक्षण समाजको प्रस्तुती पनि भयो ।

**२१. च्वाइस नेपाल**

प्रस्तुतकर्ता : किरण न्यौपाने

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. प्रस्तुतीकरणमा फोटो राख्दा पुरानो नराखौं ।
२. खुल्लादिसामुक्त गाविस घोषणामा ढिला नगरौं ।

**२२. लक्ष्मीनारायण सामुदायिक पुस्तकालय**

प्रस्तुतकर्ता : कार्यक्रम संयोजक दिपक अधिकारी

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. प्युठानको ४ बर्षिया बालिकाले एक महिनाको अवधीमा ७० वटा पुस्तक पढेको कुरा आयो । यसरी पढ्दा बालबालिकाको बौद्धिक विकासमा ठूलो अवश्य ठूलो टेवा पुग्न जान्छ ।

२. एक गाउँ एक पुस्तकालय नेपाल सरकारको नारा छ । यसलाई गाविसको लक्षित श्रोतबाट पनि योगदान पुऱ्याउन सकिन्छ । एकगाउँ एक पुस्तकालय तथा एक विद्यालय एक पुस्तकालय कार्यक्रमलाई अभियानको रुपमा लैजाने ।

**२३. नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा लमजुङ**

प्रस्तुतकर्ता : कार्यक्रम कार्यक्रम अधिकृत पवन

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. रेडक्रसले जिम्मा लिएको गाविसहरुमा खुल्ला दिसामुक्त घोषणा कहिले हुन्छ ?

**२४. वर्ल्ड भिजन लमजुङ एडिपी**

प्रस्तुतकर्ता : उपासना गुरुङ

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. बालविवाहको समस्या ग्रामीण क्षेत्रमा छ कि शहरी क्षेत्रमा छ ?

**२५. महिला आपसी सहयोग केन्द्र**

प्रस्तुतकर्ता : कार्यक्रम संयोजक श्री विष्णु चिलुवाल

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. सहयोग दिंदा जिविसले दिएकै ठाउँमा दोहोऱ्याउनु भन्दा अन्त कतै दिएको भए हुन्थ्यो ।

**२६. जनचेतना अभिबृद्धि तथा विकास अध्ययन समिति, कोपाडेस, लमजुङ**

प्रस्तुतकर्ता : कार्यक्रम संयोजक श्री विजय गुरुङ

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. मोहोरियाकोट गाविसमा विद्युतमा दिएको रकमको विवरण जिल्ला प्रशासन कार्यालयलाई दिनु पऱ्यो ।
२. चार वटा गाविस (कोल्की, गौंडा, मोहोरिया र प्यारजुङ) धुवाँ रहित भान्छा गाविस घोषणा भएको ।
३. वृक्षारोपण भएको स्थानमा हिउँदमा कसरी संरक्षण गरिन्छ ?
४. विरुवाहरु कहाँबाट ल्याएर रोपियो ?

**२७. ग्रामीण सामुदायिक विकास केन्द्र (आरसिडीसी)**

प्रस्तुतकर्ता : कार्यक्रम संयोजक श्री श्रीकृष्ण घिमिरे

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. शिक्षा परियोजनातर्फको कार्यक्रम जिल्ला शिक्षा कार्यालयमार्फत प्रस्तुतीकरण भएको र सुआहारा कार्यक्रमको पोषणतर्फको प्रस्तुतीकरण जिल्ला जनस्वास्थ्य कार्यालयमार्फत भएको र सुआहारा कार्यक्रमतर्फ नै सरसफाई कार्यक्रमको खानेपानी तथा सरसफाई डिभिजन कार्यालयले समन्वय गर्न नसक्दा संस्था स्वयंले प्रस्तुतीकरण गरेको ।
२. जिम्मेवारी लिएको गाविसमा खुल्ला दिसामुक्त गाविसको लागि सामान जाने भए कि भएनन् ?

**२८.वाल स्वास्थ्य र वातावरण बचाउ समाज, चेस नेपाल** प्रस्तुतकर्ता : अध्यक्ष श्री सुमित्रा गुरुङ

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. शिक्षा तर्फको जिल्ला शिक्षा कार्यालय र आय आर्जन तर्फको जिल्ला पशुसेवा कार्यालय मार्फत प्रस्तुतीकरण भएको र पर्या पर्यटनको कार्यक्रम संस्था स्वयंले गरेको ।

२. वैकल्पिक पदमार्गको लागि बजेट अभाव भनियो । यदि बजेटको व्यवस्था हुन सकेमा हामी के गर्न सक्थ्यौं ? योजना तयार छ ?

**२९.शिलषा कार्यक्रम**

प्रस्तुतकर्ता : श्री केशव प्रसाद अधिकारी

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. गैर सरकारी संस्था नाफामूलक नहुने हुँदा कसरी ऋण लगानी र ब्याज लिन मिल्यो र ?

**३०. अपांग संरक्षण समाज**

प्रस्तुतकर्ता : कार्यक्रम संयोजक श्री कृष्ण प्रसाद अधिकारी

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. मातृशिशुस्वास्थ्य कार्यक्रमको जिल्ला जनस्वाथ्य कार्यक्रम मार्फत प्रस्तुतीकरण भएको र गरिवी निवारण कार्यक्रमतर्फको प्रगति संस्था स्वयंले प्रस्तुतीकरण गरेको

२. गरिवी निवाराण कार्यक्रम लागु भएका गाविस संख्या कति हो ? कुन कुन हुन ? (जवाफ ४ वटा छन् )

**३१. लमजुङ उद्योग वाणिज्य संघ**

प्रस्तुतकर्ता : कार्यक्रम संयोजक श्री योगेश घिमिरे

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. बेसीशहर बजार क्षेत्रको फोहरमैला व्यवस्थापन सुचारु भएको छ। धन्यवाद ।

२. सूचना तथा विज्ञापनमा भएको खर्च कसरी भएको हो ? सीमित मेडियाहरुलाई मात्र सूचना दिनु भएन । सबैलाई सूचना दिनु पर्‍यो ।

**३२. समग्र विकास सेवा केन्द्र**

प्रस्तुतकर्ता : कार्यक्रम संयोजक श्री रुद्र कोइराला

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. कुनै पनि जिज्ञासा प्राप्त भएन ।

**३३. कोपिला नेपाल**

प्रस्तुतकर्ता : सुपरभाइजर श्री रीता दाहाल

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. विषयगत कार्यालयमार्फत प्रस्तुतीकरण हुन नसकेको ।

२. कुनै पनि जिज्ञासा प्राप्त भएन ।

**३४. जिल्ला प्राविधिक कार्यालय, लमजुङ**

प्रस्तुतकर्ता : कार्यालय प्रमुख श्री जयराम श्रेष्ठ

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. सहीद स्मृति गेट भनेको समग्र सहीद समेटिनु पर्ने हो वा एकलौटी खालको हुने हो ?

२. अहिले वातावरणको कुरा आएको छ । भइरहेको पिपलको बोट फालेर किन भवन बनाइएको ?

३. गाविस भवन

**३५. जिल्ला विकास समितिको कार्यालय, लमजुङ**

प्रस्तुतकर्ता : स्थानीय विकास अधिकारी श्री बिष्णुदत्त गौतम

**प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

१. स्थानीय रुपमा उपलब्ध ढुंगा,गिटी, बालुवा हाइड्रोपावरहरुले प्रयोग गरिरहेका छन् ।

२. ढुंगा, गिटी बालुवाको श्रोत उठाउन पाइने क्षेत्र कति कति हो ?

**३६.** सुआहारा कार्यक्रम (जिल्ला जनस्वास्थ्य कार्यालय मार्फत प्रस्तुतीकरण भएको)

**३७.** स्क्यान नेपाल (जिल्ला शिक्षा कार्यालयमार्फत प्रस्तुतीकरण भएको)

**३८.** नौलो घुम्ती नेपाल (जिल्ला शिक्षा कार्यालयमार्फत प्रस्तुतीकरण भएको)

**३९.** दलित सेवा संघ (पोषण परियोजना जिल्ला जनस्वास्थ्य कार्यालयमार्फत प्रस्तुतीकरण भएको)

**४०.** रुम टु रिड (जिल्ला शिक्षा कार्यालयमार्फत प्रस्तुतीकरण भएको)

**४१** सेर्सोक ( जिल्ला कृषि विकास कार्यालय र जिल्ला पशुसेवा कार्यालयमार्फत प्रस्तुतीकण भएको ।

**उपस्थित नहुने कार्यालय तथा संघसंस्थाहरु**

**१** जल उत्पन्न प्रकोप नियन्त्रणल कार्यालय, पोखरा

**२.** पर्यटन कार्यालय पोखरा

**३** लमजुङ विद्युत उपभोक्ता संस्था

**४.** गोरखा वेयलफेयर स्किम

**५.** सीड नेपाल

**६.** पास नेपाल

यसरी कुल ४७ वटा सरकारी तथा गैरसरकारी संघसंस्थाहरुलाई प्रगति प्रस्तुतीकरणको लागि आमन्त्रण गरिएकोमा ४१ वटा कार्यालय तथा संघसंस्थाहरुले प्रस्तुतीकरण गरे भने ६ वटा कार्यालय तथा संघसंस्थाहरु अनुपस्थित रहे । प्रस्तुतीकरणको क्रममा सहभागीहरुले राखेका जिज्ञासा तथा प्रश्नहरुउपर सम्वन्धित कार्यालय तथा संघसंस्था प्रमुखहरुले तत्काल स्पष्ट पार्ने काम गरेका थिए साथै प्राप्त सुझावहरुलाई आगामी दिनमा

कार्यान्वयनमा लैजाने प्रतिवद्धता समेत व्यक्त गरेका थिए । सबै कार्यालय तथा संघसंस्थाहरुको प्रस्तुतीकरणको समाप्ति पछि गोष्ठीमा उठान भएका विषयबस्तुहरुमाथि विभिन्न निर्णयहरु गरिएको थियो । (अनुसूची १)

**समापन कार्यक्रम**

प्रस्तुतीकरण र गोष्ठीकोल निचोड पछि समापन कार्यक्रमको आयोजना गरिएको थियो । उक्त समापन कार्यक्रममा जिल्लास्थित राजनीतिक दलका प्रमुख तथा प्रमुख जिल्ला अधिकारी र स्थानीय विकास अधिकारीज्यूले मन्तव्य राख्नु भएको थियो । र कार्यक्रमका अध्यक्षज्यूबाट धन्यवाद ज्ञापन सहित दुई दिने समीक्षा बैठकको समापन भएको थियो । समापन सत्रका वक्ताहरुले निम्नानुसारका भनाई राख्नु भएको थियो ।

**बालचन्द्र श्रेष्ठ, जिल्ला अध्यक्ष, राप्रपा लमजुङ**

- राम्रा कुराहरुलाई बढाउँदै लैजाऔं ।
- विकासमा जनताको चासो बृद्धि गर्दै लैजाऔं ।

**अविरल न्यौपाने, जिल्ला सेक्रेटरी नेकपा-माओवादी**

- समीक्षाको सैद्धान्तिक पक्षहरुलाई पालना गरौं ।
- जिविसले जस्तै अन्य कार्यालयहरुले पनि परिषदको तरिकाबाट योजना छनौट गरौं ।

**धनञ्जय दवाडी, जिल्ला अध्यक्ष, नेकपा एमाले**

- सरकारी संस्थाहरुसंग गैससलाई जोड्ने प्रयत्न राम्रो छ ।
- तथ्यांकलाई विषयगत कार्यालयसंगै समीक्षा गरौं ।
- अनुपस्थित हुने कार्यालय तथा संघसंस्थाको नविकरण सिफारिश नगरौं ।

**कुल बहादुर घले, जिल्ला उपसभापति, नेपाली कांग्रेस**

- प्रस्तुतीहरु सुधारिएको महशुश भयो ।
- गत वर्षको तुलनामा यस वर्ष थोरै फ्रिज भयो राम्रो पक्ष हो । जिल्लामा आएको रकम फ्रिज नहोस् ।

**प्रमुख जिल्ला अधिकारी श्री बाबुराम भण्डारी**

- जिविस लमजुङलाई धन्यवाद । सरकारी तथा गैससहरुलाई एकै ठाउँमा उभ्याएर तोकिएकै समयमा गोष्ठी गर्नुभयो ।
- हामीले धेरै सकारात्मक कार्यहरुलाई संस्थागत गरौं ।
- गाविसको समीक्षा एक सकारात्मक कुरा हो ।
- सरकारी कार्यालयसंग गैससलाई जोड्ने प्रयास गर्‍यौं । जुन राम्रो पक्ष हो ।
- गैससले ब्याजमा लगानी गरेको प्रावधान नयाँ लाग्यो ।
- पारदर्शितालाई सवैले पालना गर्नुपर्छ । गैससहरु पनि पारदर्शी हुनुपर्छ । सरकारी कार्यालय त झन् पारदर्शी हुनै पर्‍यो ।
- लमजुङको विकासकमा टेवा पुर्‍याऔं ।

- भएका कमी कमजोरीहरुलाइ सच्याएर आजै देखि सुधारका कार्ययोजनाहरु बनाऔं ।

**स्थानीय विकास अधिकारी श्री विष्णुदत्त गौतम**

- गैससको प्रस्तुतीलाई विषयगत कार्यालयले महत्व नदिएको देखियो ।
- विषयगत कार्यालयले समीक्षालाई महत्वका साथ लिएको देखिएन । यसबारेमा प्रमुख जिल्ला अधिकारीज्यूको समेत ध्यानाकर्षण गराउन चाहन्छु ।
- विषयगत कार्यालयले उपलब्धी गणना गर्दा गैससको समेत जोडेर क्यूमुलेटिभ फिगर ल्याउनु पर्‍यो ।
- प्रस्तुतीकरणमा सुधार आएको छ । उपलब्धी र प्रतिफल तथा चुनौतीमा प्रस्तुतीकरण केन्द्रित भएको छ ।
- समीक्षामा अनुपस्थित हुने कार्यालय तथा संघसंस्थाको बारेमा निर्णय लिइनेछ ।
- एक गाउँ एक पुस्तकालय एक विद्यालय एक पुस्तकालयमा अभियान सञ्चालन गर्न शुरुवात गरौं ।
- साक्षरता अभियान पनि हामीले गतवर्षबाटै शुरु गरेको हुँदा यसमा पनि ध्यान दिऔं ।
- समीक्षा गोष्ठीमा प्रत्यक्ष परोक्ष सहयोग पुर्‍याउने तथा सहभागी सवैलाई धन्यवाद ज्ञापन
- दुई दिने समीक्षा बैठकको विधिवत समापन ।

धन्यावाद

**अनुसूचीहरु**

१. गोष्ठीका निर्णयहरु
२. गोष्ठीका सहभागीहरु
३. सम्वन्धित तस्वीरहरु

## निर्णयहरु

**निर्णय नं १ :**

आ.व. २०६९।०७० को बार्षिक प्रगति समीक्षा बैठकमा निम्नानुसारका सरकारी कार्यालय तथा गैर सरकारी संस्थाहरुको प्रगति विवरण प्रस्तुत भई समीक्षा गरियो ।

**निम्न :**

१. जिल्ला घरेलु विकास समितिको कार्यालय लमजुङ :
२. जिल्ला जनस्वास्थ्य कार्यालय, लमजुङ
३. जिल्ला कृषि विकास कार्यालय, लमजुङ
४. जिल्ला पशुसेवा कार्यालय लमजुङ
५. सडक डिभिजन कार्यालय, दमौली
६. जिल्ला वन कार्यालय लमजुङ
७. ग्रामीण तालिम केन्द्र सिम्पानी
८. पश्चिमाञ्चल सिंचाई डिभिजन नं १ लमजुङ
९. जिल्ला शिक्षा कार्यालय लमजुङ
१०. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, लमजुङ
११. लमजुङ जिल्ला सामुदायिक अस्पताल, लमजुङ
१२. भवन डिभिजन कार्यालय, गोरखा
१३. वेसिशहर र सुन्दरबजार भोटेओडार नगर विकास समिति
१४. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
१५. जिल्ला भू संरक्षण कार्यालय, लमजुङ
१६. जिल्ला वालकल्याण समिति, लमजुङ
१७. महिला तथा बालबालिका कार्यालय, लमजुङ
१८. जिल्ला प्राविधिक कार्यालय, लमजुङ
१९. जिल्ला विकास समितिको कार्यालय, लमजुङ

**गैरसरकारी संस्थाहरु**

१. हरीयो वन कार्यक्रम
२. ग्रामीण शसक्तिकरण समाज, दमौली
३. अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, एक्याप, भुजुङ
४. च्वाइस नेपाल
५. लक्ष्मीनारायण सामुदायिक पुस्तकालय
६. नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा लमजुङ
७. वर्ल्ड भिजन लमजुङ एडिपी
८. महिला आपसी सहयोग केन्द्र
९. जनचेतना अभिबृद्धि तथा विकास अध्ययन समिति, कोपाडेस, लमजुङ
१०. ग्रामीण सामुदायिक विकास केन्द्र (आरसिडीसी)
११. वाल स्वास्थ्य र वातावरण बचाउ समाज, चेस नेपाल
१२. शिलषा कार्यक्रम
१३. अपांग संरक्षण समाज
१४. लमजुङ उद्योग वाणिज्य संघ
१५. समग्र विकास सेवा केन्द्र
१६. कोपिला नेपाल
१७. सुआहारा कार्यक्रम
१८. स्क्यान नेपाल
१९. नौलो घुम्ती नेपाल
२०. दलित सेवा संघ
२१. रुम टु रिड
२२. सेर्सोक

**निर्णय नं २ :**
गैरसरकारी संस्थाहरुको कार्यप्रगति सम्वन्धित बिषयगत कार्यालयमार्फत प्रस्तुत गर्ने नीतिलाई अधिकांश गैससबाट पालना गरेको पाइयो । तथापी च्वाइस नेपाल, हरियो वन लगायत केही गैससहरुको प्रस्तुती अझै पनि विषयगत कार्यालय मार्फत हुन सकेन । साथै खानेपानी तथा सरसफाई डिभिजन कार्यालय लगायत केही विषयगत कार्यालयहरुको प्रस्तुतीमा सम्वन्धित गैससले उपलब्ध गराएको विवरण समेत समावेश भएको  देखिएन । तसर्थ आगामी दिनमा प्रगति विवरण प्रस्तुत गर्दा अनिवार्य रुपमा गैससको प्रस्तुती सम्वन्धित विषयगत कार्यालयमार्फत गर्ने नीतिलाई पूर्ण रुपमा पालना गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं ३ :**
सबै विषयगत कार्यालयहरुले उपलब्धीलाई अभिलेखांकन गर्दा विषयगत कार्यालयको श्रोत साधनबाट प्राप्त भएका उपलब्धी र गैससको स्रोतसाधनबाट प्राप्त भएका उपलब्धीहरुको एकमुष्ठ रुपमा Compile गरी जिल्लाको समष्टिगत भौतिक उपलब्धी सम्वन्धी प्रगति विवरण अद्यावधिक गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं ४ :**
प्रस्तुत समीक्षा बैठकमा लमजुङ विद्युत उपभोक्ता संस्था, जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय पोखरा,पर्यटन कार्यालय पोखरा तथा गोरखा वेयलफेयर स्किम, सीड नेपाल र पास नेपाल अनुपस्थित भई प्रगति प्रस्तुत हुन नसकेको विषयलाई बैठकले गम्भिरतापूर्वक लिंदै आगामी दिनमा अनिवार्य उपस्थितिका लागि अनुरोध गर्ने र यस्तो अनुरोध गर्दा पनि अनुपस्थित रहेको अवस्थामा प्रचलित कानून वमोजिमको  प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं ५ :**
शिक्षा क्षेत्रको विकासमा पुस्तकालयले पु¥याउने महत्वपूर्ण योगदानलाई स्मरण गर्दै एक गाउँ एक पुस्तकालय तथा एक विद्यालय एक पुस्तकालयको अवधारणालाई आगामी दिनमा अभियानको रुपमा सञ्चालन गराउने निर्णय गरियो ।

**निर्णय नं ६ :**
यस लमजुङ जिल्लालाई पूर्ण साक्षर जिल्ला घोषणा गर्ने कार्यलाई अभियानकै रुपमा सुसम्पन्न गराउन प्रोत्साहन स्वरुप पहिलो पटक पूर्ण साक्षर घोषणा गर्ने गाविसलाई जिविसले उचित पुरस्कारको व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ :**
जिल्ला विकास समिति लमजुङले आ.व. २०६८।०६९ को MCPM मूल्यांकनमा ७१ अंक प्राप्त गरी ११ औं स्थान हासिल गरेको र जिल्लाका ६१ गाविसहरुमध्ये सुन्दरबजार, गिलुङ, नौथर, भोर्लेटार, करापु, जिता, बेसीशहर, दूधपोखरी, विचौर र सिन्दुरे गरी जम्मा १० गाविसहरु अनुतिर्ण भएका तथा बाँकी ५१ गाविसहरु MC उतिर्ण गर्न सफल भएको व्यहोरा समीक्षा बैठकमा जानकारी प्राप्त भयो ।

**निर्णय नं ८ :**
यस समीक्षा गोष्ठीमा जिल्ला विकास समिति, बिषयगत कार्यालय, तथा गैससहरुले प्रस्तुत गरेका प्रगति विवरणहरु सहितको एकिकृत बार्षिक समीक्षा प्रतिवेदन जिविसको सूचना केन्द्रमा राख्नुको साथै प्रतिवेदनको सारंश जिविसको सूचना पाटी र web site मार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं ९ :**
आव २०६९।०७० को बार्षिक प्रगति समीक्षा बैठकमा उपस्थित भै आ–आफ्नो निकायको प्रगति विवरण प्रस्तुत गर्ने सरकारी तथा गैर सरकारी कार्यालय तथा संघसंस्था, राजनैतिक दल, नागरिक समाज र पत्रकारहरु सवैमा हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।